नमुना भन्नाले कुनै पनि वस्तुमा भएको गुणहरुको प्रतिनिधित्व गर्ने सानो स्वरुप हो। बीउ हेर्दा एकै नासको देखिएमा पनि गुणस्तर राम्रै हुन्छ भन्न सकिदैन। एउटै जात स्तरको एउटै समय र खेतमा लगाई उत्पादन गरिएका बीउहरु एउटै भण्डार कोठामा भण्डार गरेता पनि तिनिहरुको गुणहरुमा फरक भई राख्ने हुन्छ। त्यसैले बीउ वाली कटानी गरेर वा रोप्नु भन्दा अघि प्रसोधन गरिसके पछि बीउ परिक्षण गर्नु पर्दछ। प्रत्येक बीउको दानालाई परिक्षण गर्न सकिदैन त्यसैले परिक्षणको लागी पठाउनु अघि बीउको नमुनाले सम्पूर्ण बीउको परिमाणलाई प्रतिनिधित्व गर्ने गरी सही र निष्पक्ष तरिकाले दिएको हुनुपर्दछ। अन्यथा परिक्षणबाट प्राप्त नतिजाले नमुनाको मात्र गुणस्तरलाई जनाई सम्पूर्ण परिमाणलाई प्रतिनिधित्व गर्दैन।

**बीउको नमूना लिनका कारणहरुः**

एउटै खेतमा एउटै जात, स्तरको बाली लगाएता पनि उत्पादित सवै बीउको दानाहरु एकै प्रकारको हुदैन। जसले बीउको गुणस्तरमा ठुलो असर पार्दछ। त्यस बाहेक एक रुपता नहुने कारणहरु मध्ये प्रमुख कारणहरु निम्नानुसार छन्।

- बीउ काट्दा बोटको अवस्था, ढल्ने र अन्य झारपात वा रोगकिराले आक्रमण गर्दा बीउको अवस्थामा फरक पर्न गई बीउको गुणस्तरमा पनि फरक पर्न जान्छ।
- एउटै ठाउँ र एउटै बोटमा फलेको बीउ पनि कुनै ठुलो, सानो, पोटिलो, चाउरिएको आदि हुन्छन्।
- गुरुत्वाकर्षणको प्रभावले बोरा, ब्याग आदिमा राखेका बीउहरुमा ठूला, पोटिला दाना तल पिँधमा र साना, मसिना दाना माथि रहन्छन्।
- कहिले काँही काट्न शुरु गरे पछि मौसम गडबढी र कुनै कारणबस बिचैमा छाड्नु पर्ने हुन्छ। यस्तो अवस्थामा पहिले र पछि काटिएको बीउमा पनि फरक पर्न सक्छ।
- बीउ काट्ने, चुट्ने र राख्ने क्रममा बीउ टुक्रिने, फुट्ने आदिले पनि बिउमा फरक भिन्नता आउन सक्छ। उपरोक्त कारणहरुले सम्पूर्ण परिमाणको प्रतिनिधित्व हुने गरी नमूना लिनु पर्दछ।

**परिक्षणमा पठाउनको लागी नमूना लिने तरिकाः**

बीउ भण्डारणको अवस्था अनुसार निम्न विधि अपनाई बीउको नमूना लिईन्छ।

क. थुपारेको धन्सार, खलियान आदि बीउको लटबाट लिइने प्राथमिक नमुनाहरुको न्यूनतम संख्या (१०० के.जी. भन्दा बढीको थैला वा थुप्रोबाट)

| प्रत्येक बीउको लटको परिमाण | न्यूनतम प्राथमिक नमुना संख्या |
|---|---|
| ५०० के.जी. सम्म | कम्तिमा ५ प्राथमिक नमुना |
| ५०१ देखी ३००० के.जी सम्म | प्रत्येक ३०० के.जी. मा १ तर कम्तीमा ५ वटा |
| ३००१ देखी २०००० के.जी सम्म | प्रत्येक ५०० के.जी. मा १ तर कम्तीमा १० वटा |
| २०००१ देखी माथि | प्रत्येक ७०० के.जी. मा १ तर कम्तीमा ४० वटा |

ख. बोरा वा अरु भाँडोमा राखेको बीउको लटबाट लिईने प्राथमिक नमूनाहरुको न्यूनतम संख्या (बोरा वा थैलाको क्षमता १५ देखी १०० के.जी. भएको)

| प्रत्येक बीउको लटको परिमाण | न्यूनतम प्राथमिक नमुना संख्या |
|---|---|
| १ देखि ४ भाँडोमा | ३ प्राथमिक नमुना प्रत्येक भाँडोमा |
| ५ देखि ८ भाँडोमा | २ प्राथमिक नमुना प्रत्येक भाँडोमा |
| ९ देखि १५ भाँडोमा | १ प्राथमिक नमुना प्रत्येक भाँडोमा |
| १६ देखि ३० भाँडोमा | कूल १५ प्राथमिक नमुना प्रत्येक भाँडोमा |
| ३१ देखि ५९ भाँडोमा | कूल २० प्राथमिक नमुना प्रत्येक भाँडोमा |
| ६० वा बढी | कूल ३० प्राथमिक नमुना प्रत्येक भाँडोमा |

ग. सानो कागजको खाम वा अरु किसिमको सानो प्याकेटको हकमा प्रत्येक बीउको लटमा बढिमा १०० के.जी. को एक ईकाईका दरले नछानिकन प्याकेटहरु नै नमुना लिने विधिको(ख) उल्लेख भए अनुसार नमुनाको रुपमा लिनु पर्दछ। जस्तै ५ के.जी को प्याकेटमा २०गोटा, ३ के.जी. को प्याकेटमा ३३ गोटा वा १ के.जी. को १०० गोटा गरी नमुना लिनु पर्दछ।

**नमूनाका किसिमहरुः**

क) प्राथमिक नमूना (Primary Sample):-प्रत्येक लटको बीउलाई विभिन्न भाँडो जस्तै घ्याम्पो, भकारी, बोरा वा खलियान, धन्सार आदि ठाउँमा संचय गरेको हुन्छ ।यो विभिन्न भाँडो वा धन्सार आदिको विभिन्न ठाउँ र गहिराई बाट लिएको छुट्टाछुट्टै नमुनाहरुलाई प्राथमिक नमुना भनिन्छ।

ख) समिश्रित नमूना(CompositeSample):-प्रत्येक प्राथमिक नमुनाहरु यदि एकनासको देखिन्छ भने एकै ठाँउमा मिसाउनु पर्दछ। यसरी एकनास संग मिसाईएको नमूनालाई नै समिश्रित नमूना भनिन्छ।

ग) परिक्षणको लागी पठाईने नमूना (Submitted Sample):- मिश्रित नमुनाबाट विधिपूर्वक झिकि परिक्षण गर्न पठाउने नमुनालाई परिक्षणार्थ नमुना भनिन्छ।

घ) परिक्षण गर्ने नमूना (Working Sample):- परिक्षणार्थ पठाईने नमूनाबाट प्रयोगशालामा विधिपूर्वक झिकिएको नमूनालाई बीउ परिक्षण गर्ने नमूना भनिन्छ। यसै नमूनाबाट प्रत्येक लटको गुणस्तर पत्ता लगाउन सकिन्छ ।

**नमूना लिदा ध्यान दिनुपर्ने विशेष कुराहरुः**

- बीउको नमूना बीउ निरिक्षक वा बीउ नमूना लिने तरिकाको पूर्ण ज्ञानभएको व्यक्तिले मात्र लिनुपर्दछ।
- बीउ गोदाममा बीउ निरिक्षक वा बीउ नमूना संकलकले जुनसुकै ठाउँबाट नमूना लिन सक्ने किसिमको बोराको व्यवस्था गरेको हुनुपर्दछ। यदि यस्तो तरिकाबाट बीउ बोराहरु राखेको छैन भने नमूना लिनु अगाडी व्यवस्थित किसिमले बीउ बोराहरु राख्न लगाएर मात्र नमूना लिनु पर्दछ।
- बीउ निरिक्षक वा नमूना संकलकले नमुना लिनु अगाडी बीउको लट, प्रत्येक लटको संकेत, बीउको परिमाण अनुसार बोराको संख्याको पूर्ण जानकारी राखेर मात्र प्रतिनिधित्व गर्ने नमूना लिनु पर्दछ।
- बीउ निरिक्षकले बीउ स्थलमा नै नमूनाको चिस्यान जाँच्नु पर्दछ।चिस्यान बढी भएमा तुरुन्त सुकाउन लगाउनु पर्दछ।स्थलमा नै चिस्यान जाँच्न नमिले वा अन्यत्र नभए तुरुन्त नजिकको प्रयोगशालामा २५० गेज बाक्लो प्लाष्टिकको झोलामा बन्द गरी सिल गरेर मात्र पठाउनु पर्दछ।
- बोरामा ट्रायर घुसार्दा पर्ने प्वाललाई ट्रायरको चुच्चोले बोराको धागो तल माथि सारी बन्द गरिदिनु पर्दछ।प्लाष्टिक भित्र भएको बोराको हकमा मुख खोलेर नमूना झिक्नु पर्दछ तर मुख नखोलिकन ट्रायर घुसार्दा परेको प्वाललाई कडा टेपले टाली दिनुपर्दछ।

  नमूना लिने साधनः-

  क. प्रोव र स्लिभ ट्रायर

  ख. नोव ट्रायर

  ग. स्वचालित नमूना लिने साधनहरु

**नमूना संकलकले नमूना लिन जाँदा लिएर जाने साधनहरुः-**

- नमूना लिने सम्वन्धी कार्याविधि
- प्रोव ट्रायर
- नमूना लिने कपडाको/प्लाष्टिकको झोलाहरु
- समिश्रित नमूना बनाउन चाहिने भाँडो वा एल्मुनियमको ट्रे
- परिक्षणार्थ पठाउने नमूना तयार पार्न चाहिने उपयुक्त उपकरणहरु
- चिस्यान परिक्षणको लागी नमूना राख्न प्लाष्टिकको झोलाहरु
- सिलबन्दी गर्न आवश्यक सामानहरु
- संकेत पत्र
- स्टापलर
- नमूना विवरण फाराम
- लेन्स
- पेन्सिल आदि

**बीउको लटको परिमाण र परिक्षणार्थ पठाईने नमूनाको परिमाणः-**

| क्र.सं. | बाली | लटको परिमाण(के.जी.) | परिक्षणार्थ पठाईने नमूनाको न्यूनतम परिमाण(ग्राम) | शुद्धताको लागी चाहिने न्यूनतम परिमाण(ग्राम) | जातिय परिक्षणको लागी चाहिने न्यूनतम परिमाण(ग्राम) |
|---|---|---|---|---|---|
| **खाद्यन्न बाली** | | | | | |
| १. | गहुँ | ३०,००० | १,००० | १२० | १,००० |
| २. | धान | ३०,००० | ७०० | ७० | ७०० |
| ३. | मकै | ४०,००० | १,००० | ९०० | १,००० |
| ४. | जौ | २०,००० | १,००० | १२० | १,००० |
| ५. | जै | २५,००० | १,००० | १२० | १,००० |
| ६. | कोदो | १०,००० | १०० | १० | १०० |
| **कोशेवाली** | | | | | |
| १. | बोडी | २०,००० | १,००० | ४०० | १,००० |
| २. | चना | २०,००० | १,००० | १,००० | १,००० |
| ३. | मुङ्ग | २५,००० | १,००० | १२० | १,००० |
| ४. | मास | २५,००० | १,००० | ७०० | १,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | मसुरो | ३०,००० | ६०० | ६० | ६०० |
| ६. | रहर | २०,००० | १,००० | ३०० | १,००० |
| ७. | भटमास | ३०,००० | १,००० | ५०० | १,००० |
| ८. | केराउ | २५,००० | १,००० | ९०० | १,००० |
| | | | तेलबाली | | |
| १. | बदाम | ३०,००० | १,००० | १,००० | १,००० |
| २. | तोरी | १०,००० | १०० | १० | १०० |
| ३. | सर्स्यू | १०,००० | १०० | १० | १०० |
| ४. | आलस | १०,००० | १५० | १५ | १५० |
| ५. | तिल | १०,००० | ७० | ७ | ७० |
| | | | तरकारी बाली | | |
| १. | मेथी | १०,००० | ४० | ४ | ४० |
| २. | सलादसाग | १०,००० | ३० | ३ | ३० |
| ३. | पालुङ्गो | १०,००० | ५०० | ५० | ५०० |
| ४. | तितेकरेला | २०,००० | ४५० | ७० | ४५० |
| ५. | घिरौला | २०,००० | १००० | ५०० | १००० |
| ६. | काक्रो | १०,००० | १५० | ७० | १५० |
| ७. | खरभुजा | १०,००० | १५० | ७० | १५० |
| ८. | फर्सी | २०,००० | ३५० | १८० | ३५० |
| ९. | पाटेघिरौला | २०,००० | १००० | ५०० | १००० |
| १०. | बोक्राउली | १०,००० | १०० | १० | १०० |
| ११. | बन्दा | १०,००० | १०० | १० | १०० |
| १२. | ग्याँठगोभी | १०,००० | १०० | १० | १०० |
| १३. | मूला | १०,००० | ३०० | ३० | ३०० |
| १४. | सलगम | १०,००० | ७० | ७ | ७० |
| १५. | गाँजर | १०,००० | ३० | ३ | ३० |
| १६. | रामतोरीया | २०,००० | १००० | १४० | १००० |
| १७. | भाण्टा | १०,००० | १५० | १५ | १५० |
| १८. | चम्सुर | १०,००० | ६० | ६ | ६० |
| १९. | प्याज | १०,००० | ८० | ८ | ८० |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | सिमी | २०,००० | १००० | ६०० | १००० |
| २१. | गोलभेंडा | १०,००० | १५ | ७ | १५ |
| २२. | भेडेखूर्सानी | १०,००० | १५० | १५ | १५० |
| २३. | पिरोखुर्सानी | १०,००० | १५० | १५ | १५० |
| २४. | काउली | १०,००० | १०० | १० | १०० |
| २५. | स्वीसचार्ड | २०,००० | ५०० | ५० | ५०० |
| २६. | तरभुजा | २०,००० | १००० | २५० | १००० |
| **घाँसे बाली** | | | | | |
| १. | वर्षिम | १०,००० | ६० | ६ | ६० |
| २. | लर्सुन | १०,००० | ५० | ५ | ५० |
| ३. | सुडान घाँस | १०,००० | ३५० | २५ | ३५० |
| ४. | टियोसेन्टी | १०,००० | १००० | ९०० | १००० |
| ५. | जै | ३०,००० | १००० | १२० | १००० |
| ६. | क्लोभर | १०,००० | २० | २ | २० |
| ७. | स्टाईलो | १०,००० | ७० | ७ | ७० |
| ८. | दिनानाथ घाँस | १०,००० | ७० | ७ | ७० |
| ९. | भेच | ३०,००० | १००० | १४० | १००० |
| १०. | नेपियर | १०,००० | १५० | १५ | १५० |
| ११. | लुपिन | ३०,००० | १००० | ४५० | १००० |
| **औद्योगिक बाली** | | | | | |
| १. | सुर्ति | १०,००० | ५ | ०.५ | ५ |
| २. | कपास | २५,०० | १००० | ३५० | १००० |
| ३. | जुट | १०,००० | १५० | १५ | १५० |

## गुणस्तुरयुक्त बीउ बिजनमा हुनुपर्ने गुणहरु

कृषि उत्पादन बृद्धिमा धैरै कृषि सामाग्रीहरुको भूमिका रहने भएता पनि गुणस्तरयुक्त बीउ बिजनको भूमिका अन्य सामाग्रीहरु भन्दा ज्यादै महत्वपूर्ण मानिन्छ। त्यस कारण कृषकले जुनसुकै स्रोतबाट बीउ बिजन खरिद वा जुनसुकै बालीको बीउ उत्पादन गरे तापनि वा बीउ व्यवसायीले बिक्री वितरण गर्दा बीउ बिजनमा निम्न गुणहरु पूरा गरेको हुनु पर्दछ।

**(क) जातिय शुद्धता (Genetic/Verietal Purity)-**

बीउ उत्पादनको मुख्य उद्देश्य भविष्यमा प्रयोग गर्नु हो। त्यस कारणले बीउ बिजन जहिले पनि जातिय रुपले शुद्ध हुनुपर्दछ। बाली प्रजननकर्ताले नयाँ जातको विकास गर्दा विशिष्टता, एकरुपता, स्थायित्व तथा खेती गर्न/प्रयोग गर्न उपयोगी गुण कायम गर्न सक्नु पर्दछ।

**(ख) भौतिक शुद्धता (Physical Purity)-**

बीउ बिजन जातिय रुपले शुद्ध हुनुको साथै भौतिक रुपले पनि शुद्ध हुनुपर्दछ। बीउको लटमा अन्य बालीको बीउ, झारपातको बीउ र निष्क्रिय पदार्थले व्यापक रुपमा बीउको गुणस्तर घटाईदिन्छ। त्यसैले गुणस्तरिय बीउमा यस्ता किसिमका अवाञ्छित तत्वहरु हुनु हुदैन। भई हाले पनि बीउको न्यूनतम स्तर भित्र हुनु पर्दछ।

**(ग) बीउको जिवितपन र उमारशक्ति( Viablity and Germination)-**

बिउ बिजन पनि अन्य जिवित वस्तु जस्तै हो। त्यस कारण यसलाई उपयुक्त किसिमले संचय वा परिचालन गर्न नसकेमा छिट्टै नै गुणस्तरमा ह्रास हुन्छ। बीउको जिवितपना पनि बीउ बिजन गुणस्तरको लागी महत्वपूर्ण पक्ष हो। त्यसैले कीउ बिजनमा जति सक्दो राम्रो जीवितपना वा उमारशक्ति भएको हुनु पर्दछ। जसले स्वस्थ विरुवा उत्पादन गरी राम्रो प्रतिफल दिन सक्छ। बीउको उमारशक्ति बाली अनुसार फरक-फरक हुन्छ।

**(घ) ओजस (Vigour)-**

प्रकृतिमा बीउ उम्रन तथा हुर्कनको लागी सबै ठाउँमा सधैभरी एकनासको वातावरण हुदैन। त्यसैले बीउ बिजनले भिन्न-भिन्न प्रकारको वातावरणमा उम्रदा वा बेर्ना बृद्धि हुँदा त्यस बीउले देखाउने पूर्ण क्रियाकलाप र क्रियाशिलताको स्तर (activity and perfoemance)लाई बीउको ओजस भनिन्छ। जुन बीउले खेतबारीमा रोपेपछि राम्रो नतिजा दिन सक्छ। बीउमा ओजस राम्रो छैन भने उमारशक्ति बढी भएकै बीउले पनि प्रतिकुल अवस्थामा राम्रो र स्वच्छ विरुवा उत्पादन गर्न सक्छ भनेर भन्न सकिदैन। त्यसै कारणले कम ओजस भएको बीउले आशातित उत्पादन दिन नसक्ने हुनाले जहिले पनि ओजस बढी भएको बीउ प्रयोग गर्नु पर्दछ।

**(ङ) चिस्यान(Moisture)-**

बीउको चिस्यान भन्नाले बीउमा भएको पानीको मात्रालाई बुझ्नु पर्दछ। बीउको गुणस्तर निर्धारण गर्न यसले एकदम महत्पूर्ण भमिका खेलेको हुन्छ। अर्थोडक्स बीउ जस्तैः खाद्यान्न, तरकारी, तेलहन,

घाँसेबाली आदिलाई कम चिस्यान भएको अवस्थामा संचय गरी राख्दा यसको गुणस्तर लामो समयसम्म कायम गर्न सकिन्छ भने रिक्यालिस्ट्रेंट बीउ जस्तैः कफी, लिची इत्यादीमा २० प्रतिशत भन्दा कम चिस्यान भएमा भण्डारमा त्यसको गुणस्तर लामो समय सम्म कायम गर्न सकिदैन।

अर्थोडक्स बीउमा चिस्यानको मात्रा बढी भएमा बीउ भण्डारण गर्दा छिटो कुहिने, रोगकिरा बढी लाग्ने र बीउको आयु घट्ने जाने हुन्छ। जसले गर्दा बीउको जिवितपना, उमारशक्ति ओजसमा असर पर्दछ। बीउको लागी सुहाउँदो आवश्यक अधिकतम चिस्यानको मात्रा बाली अनुसार फरक हुन्छ।

**(च) स्वास्थ्य (Health)-**

बीउ बिजनको स्वास्थ्य भन्नाले बीउमा रोगका जिवाणु वा किराहरुको उपस्थिति वा अनुपस्थितिलाई जनाउँदछ। बीउबाट बीउमा सर्ने रोगहरु जसले बीउ बिजन उम्रदा वा विरुवाको बृद्धिको अन्तिम अवस्था सम्म पनि असर पारेको हुन्छ। त्यस्तै गरेर किराबाट प्रभावित बीउबाट पनि राम्रो विरुवा उत्पादन हुन सक्दैन। बीउ बिजन अस्वस्थ भएमा बीउ नउम्रने र उम्रेको विरुवाबाट पनि उत्पादन घट्नुको साथै बीउको गुणस्तर पनि घट्न जान्छ। त्यसै कारणले गर्दा बीउ बिजन जहिले पनि रोग तथा किराबाट मुक्त हनुपर्दछ। यस्तो किसिमको समस्याबाट बच्न बाली चक्र प्रणालीमा हेरफेर, बीउ उपचार गर्नुको साथै रोगी प्लट र बीउ उत्पादन प्लटबाट बीउमा निश्चित पृथकता दुरी कायम गरी बीउ उत्पादन गर्नु पर्दछ।

**(छ) तौल (Weight)-**

बीउको तौल पनि बीउको गुणस्तर (खास गरी बीउको ओजसमा) मा प्रभाव पार्ने एक महत्पूर्ण पक्ष हो। यसले बीउ कत्तिको भरिलो वा पोटिलो छ भन्ने कुराको जानकारी दिन्छ। बीउको तौल बालीको जात विकास गर्ने क्रममा सम्वन्धित बाली प्रजननकर्ताले जात अनुसार निर्धारण गरेको हुन्छ। यो खास गरेर १००० दाना बीउको तौलको आधारमा हिसाब निकालिन्छ। त्यसै कारणले बीउ उत्पादन वा बाली उत्पादकको लागी प्रयोग गरिने बीउ जहिले पनि प्रजननकर्ताले निर्धारण गरेको तौल अनुसार हुनु पर्दछ ताकि त्यस्तो बीउले स्वच्छ र स्वस्थ विरुवा उत्पादन गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ।

**(ज) आकार तथा प्रकार (Shape and Size)-**

बीउ बिजन जहिले पनि एकनासको आकार प्रकारको हुनुपर्दछ। जसले गर्दा एकनासको विरुवा उत्पादन गरी राम्रो उत्पादन लिन सकिन्छ।

**(झ) चमकपन (Lusture)-**

बीउ बिजनको गुणस्तर निर्धारण गर्न सहयोग गर्ने पक्ष हो, बीउको चमकपन भएकोले बीउमा जहिले पनि यसको वास्तविक रंग र चमक हुनुपर्दछ। यदि पुरानो, सडेको बीउ छ भने यसले आफ्नो चमक गुमाउँदछ। त्यसैले बीउ प्रयोग गर्दा जहिले पनि वास्तविक रंगको चमक भएको हुनुपर्दछ।

**बीउ प्रमाणीकरण पद्धति**

बीउ बिजन ऐन, २०४५ र बीउ बिजन नियमावली (पहिलो संसोधन) ऐन २०६४ बमोजिम नेपालमा दुई किसिमवाट गुण नियन्त्रण गर्ने गरिन्छ।

**१. प्रमाणिकरण (Certification)-**

यस पद्धतिमा श्रोत बीउ देखी लिएर उत्पादन पक्ष र बीउ थैलावन्दी मात्र सम्म विशेषज्ञको निगरानीमा गरिन्छ। यस पद्धतिमा व्यवस्थित तरिकाबाट विभिन्न तहमा अनुगमन एवं परिक्षण गरी/गराई गुणस्तर अङ्कित प्रमाणीकरणको टयाग लगाई बीउको ग्यारेन्टी दिईन्छ। यस पद्धतिमा निम्न वर्गका बीउहरु समावेश गरिएको हुन्छ।

- मूल बीउ
- प्रमाणित बीउ

**२. यथार्थ संकेत पत्र(Truthful Lable)-**

यो पद्धति अनिवार्य छ। यस प्रक्रियामा बीउ प्रमाणिकरण जस्तै हरेक पक्षमा बीउ प्रमाणीकरण निकायका बीउ विशेषज्ञहरुले प्राविधिक निरिक्षण गरिदैंन। यस पद्धतिमा बीउ उत्पादक वा बीउ विक्रेताले बीउको गुण नियन्त्रणको लागी आवश्यक व्यावस्था मिलाएको हुन्छ। यस किसिमबाट उत्पादन गरिएको बीउ बिक्री गर्दा उक्त बीउको थैलोमा सो बीउको गुणस्तर अनुसार अंकित गरेको यथार्थ संकेत पत्र लगाएको हुनुपर्दछ। यथार्थ संकेत पत्र पहेंलो रंगको कागजमा कालो अक्षरले लेखेको हुनुपर्दछ। साथै यस किसिमको बीउको गुणस्तर सम्वन्धी जिम्मेवारी बीउ बिक्रेता वा बीउ उत्पादकको नै हुन्छ। बीउको गुण नियन्त्रकले यस्ता संकेत पत्र लगाएर बिक्री भई राखेका बीउको नमूना लिई परिक्षण गर्ने गर्दछन। यस्ता बीउमा न्यूनतम स्तर भन्दा कम गुणको बीउ विक्री भई राखेको खण्डमा बीउ बिजन नियमावलीमा तोकिए बमोजिम सजाय हुनसक्छ। पहेंलो रंगको यथार्थ संकेत पत्रको लम्बाई १३ से.मी.र चौडाई ८.५ से.मी. को हुनुपर्दछ।

**संकेत पत्रमा हुनुपर्ने गुणहरुः**

क. बालीको किसिम

ख.बालीको जात

ग.बीउको स्तर

घ. लट नं

ङ. उत्पादन वर्ष

च. शुद्धता प्रतिशत (न्यूनतम)

छ. उम्रनेशक्ति प्रतिशत (न्यूनतम)

ज. परीक्षण मिति

झ. लोगो

ञ.बीउको तौल

ट. विषादीले उपचार गरेको/नगरेको

ठ. बीउ बिक्रेताको नाम र दस्तखत

## सुरक्षित बीउ भण्डारणका लागी अधिकतम चिस्यान प्रतिशत

| बाली | चिस्यान (प्रतिशत) | बाली | चिस्यान (प्रतिशत) |
|---|---|---|---|
| धान | १३ | गहुँ | १२ |
| मकै | १२ | जै | १२ |
| कोदो | ११ | कपास | १० |
| जुट | ९ | भटमास | ९ |
| बोडी | ९ | सिमी | ९ |
| मास | ९ | मुङ्ग | ९ |
| रहर | ९ | केराउ | ९ |
| चना | ९ | तोरी | ८ |
| बदाम | ९ | रायो | ९ |
| सलगम | ९ | बन्दा, काउली, मूला | ८ |
| भाण्टा | ९ | गोलभेंडा | ९ |
| खुर्सानी | ९ | प्याज | ९ |
| मेथी | ९ | पालक | ९ |
| सुसाग | ९ | चुकन्दर | ९ |
| करेला | ९ | काक्रो | ९ |
| फर्सि, स्क्वास | ९ | घिरौला | ९ |
| लौका | ९ | तरवुजा | ९ |
| भिण्डी | १० | गाँजर | ९ |

# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) बिराटनगर, नेपाल, फाल्गुण २९ गते, २०८१ साल (अतिरिक्ताङ्क ५१)

भाग १

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

**आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना**

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको ऐन नं. ८

खण्ड ८) अतिरिक्ताङ्क ५१ प्रदेश राजपत्र भाग १ मिति २०८१।११।२९

प्रदेश बिउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०८१

प्रस्तावनाः प्रदेशमा विउ बिजन उत्पादन, परीक्षण, प्रशोधन तथा बिकी वितरण सम्वन्धी कार्यलाई नियमन गरी गुणस्तरीय बिउको उपलब्धतामार्फत वालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषककों सुविधा तथा आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले.

नेपालको संविधानको धारा, १७५ बमोजिम तथा बिउ बिजन ऐन, २०४५ को दफा १५ (ङ) को अधिकार प्रयोग गरी कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

**परिच्छेद१-**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः (१)यस ऐनको नाम "प्रदेश बिउ बिजन ऐन, २०८१,, रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कृषि कार्य" भन्नाले वाली उत्पादन, संकलन, भण्डारण र प्रशोधन गर्ने कार्य सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले दफा ७ वमोजिमको प्रदेश बिउ विजन गुणस्तर नियन्त्रण केन्द्रलाई सम्झनु पर्छ।

(ग) "जात (भेराईटी)" भन्नाले वनस्पति शास्वीय वर्गीकरणमा सबै भन्दा तल्लो श्रेणीभित्र पर्ने, समान आनुवंशिक गुणहरु देखिने, अन्य समूहसंग कम्तीमा एउटा गुणद्वारा भिन्नता छुट्टिने र पुनः उत्पादन हुँदा गुणहरु परिवर्तन नहुने किसिमका वनस्पतिको समूह सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "प्रजनक (ब्रिडर)" भन्नाले बालीको कुनै जातलाई पहिलो पटक प्रजनन् वा छनौट गरी प्रयोगमा ल्याउने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(च) "बाली" भन्नाले खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, नगदे, कन्दमूल, घाँसे बाली सम्झनु पर्छ र सो शब्दले फूल फुल्ने वा नफुल्ने आलङ्कारिक बाली समेत जनाउँछ ।

(छ) "बिउ बिजन" भन्नाले भ्रौण विरुवा (इम्ब्रोयनिक प्लान्ट), खाद्य पदार्थ र सुरक्षात्मक आवरण भएका परिपक्व (म्याचोर्ड) ओभ्युल वा यौनिक वा वानस्पतिक तरीकाले पुनरोत्पादन (रिप्रोडक्सन) गरी बाली उत्पादन गर्नका लागि छर्ने वा रोप्ने काममा प्रयोग गर्न सकिने बिउ बिजन वा बीज सम्झनु पर्छ ।

(ज) "भाँडो (कन्टेनर)" भन्नाले बाकस, टिनको बट्टा, सिसी, थैली, बोरा, भकारी, व्यारेल वा अन्य यस्तै बिउ बिजन राख्न प्रयोग गरिने भाँडो सम्झनुपर्दछ ।

(झ) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ञ) "संघीय ऐन" भन्नाले बिउ बिजन ऐन, २०४५ लाई सम्झनु पर्छ ।

(ट) "संस्था" भन्नाले बिउ बिजन सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम स्थापना भएको संस्था सम्झनु पर्छ र सो शब्दले कृषि सम्बन्धी समूह तथा सहकारी संस्था समेतलाई जनाउँदछ ।

(ठ) "समिति" भन्नाले दफा ३ बमोजिमको प्रदेश बिउ बिजन समिति सम्झनु पर्छ।

(ड) "सूचित बिउ बिजन" भन्नाले दफा ९ बमोजिमको बिउ विजन सम्झनु पर्छ। सो शब्दले संघीय ऐन बमोजिम सूचित वा पञ्जीकृत भएको बिउ बिजनलाई समेत जनाउँछ ।

(ढ) "प्रयोगशाला" भन्नाले बिउको गुणस्तर परिक्षण, प्रमाणीकरण तथा नियमन सम्बन्धी कार्य गर्ने प्रदेशको विउ बिजन प्रयोगशालालाई सम्झनुपर्छ ।

## परिच्छेद२-

## प्रदेश बिउ बिजन समिति

### ३. प्रदेश बिउ बिजन समितिः

(१) प्रदेशमा बिउ बिजन सम्बन्धी नीति निर्माण गर्न प्रदेश सरकारलाई आवश्यक परामर्श दिन र संघीय ऐनले तोकेका कार्य समेत गर्न देहाय बमोजिम एक प्रदेश बिउ बिजन समिति रहनेछ ।

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) निर्देशक, कृषि निर्देशनालय, कोशी प्रदेश - सदस्य

(ग) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, कोशी प्रदेश - सदस्य

(घ) प्रमुख कृषि सम्बन्धी हेर्ने महाशाखा, मन्त्रालय - सदस्य

(ङ) उपसचिव वा अधिकृत प्रतिनिधि, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश — सदस्य

(च) बिउ बिजन उद्यमी वा व्यवसायी मध्येबाट मन्त्रालयद्धारा मनोनीत कम्तीमा एक जना -सदस्य

(छ) बिउ बिजन उत्पादक कृषक मध्येबाट मन्त्रालयद्धारा मनोनीत (कम्तीमा एकजना महिला सहित) दुई जना -सदस्य

(ज) प्रमुख, प्रदेश बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा कृषि सामग्री कम्पनी लिमिटेड प्रदेश कार्यालय प्रमुख र कृषि अनुसन्धान निर्देशनालय, कोशी प्रदेश प्रमुख नियमित आमन्त्रित सदस्य हुनेछन्।

(३) उपदफा (१) को खण्ड (छ) र (ज) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।तर त्यस्ता सदस्य थप एक कार्यकालको लागि मनोनीत गर्न बाधा पर्ने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यलाई निजको कार्य सन्तोषजनक नभएमा पदावधि पूरा नहुँदै मन्त्रालयले हटाउन सक्नेछ। तर त्यस्ता सदस्यलाई हटाउनु पूर्व सफाइको मौका दिनु पर्नेछ ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) केन्द्रले समितिको सचिवालयको रुपमा कार्य गर्नेछ ।

(७) उपदफा (१) को खण्ड (छ) र (ज) बमोजिम मनोनीत सदस्यको सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

**४. समितिको बैठकः**

(१) समितिको बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ र आवश्यकता अनुसार अन्य समयमा पनि बैठक बस्न सक्नेछ ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनानुसार सदस्य सचिवले बैठक बस्नु भन्दा चौबिस घण्टा अगावै मिति, समय, स्थान र कार्यसूची निर्धारण गरी बैठकको सूचना दिनु पर्नेछ। तर अत्यावश्यक निर्णय गर्नु परेमा चौबिस घण्टाभन्दा घटीको सूचना दिएर पनि बैठक बोलाउन वाधा पर्ने छैन।

(३) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) समितिको निर्णय सदस्य-सचिवबाट प्रमाणित गरिनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. समितिको काम, कर्तव्य र अधिकारः**

(१) प्रचलित कानूनमा उल्लेखित काम कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बिउ बिजन सम्बन्धी नीति तर्जुमा गर्न प्रदेश सरकारलाई आवश्यक राय, सुझाव र परामर्श दिने.

(ख) विउ विजन उत्पादन, प्रशोधन भण्डारण तथा विक्री वितरण कार्यमा स्थानीय तह, सरकारी निकाय र संस्था बीच आवश्यक समन्वय कायम गर्ने,

(ग) प्रदेशमा उत्पादित र आयातित बिउ बिजनको भण्डारण र बिक्री वितरणको नियमन गरी गुणस्तर कायम गर्ने गराउने,

(घ) प्रयोगशालाको सिफारिस समेतलाई आधार मानी प्रदेशमा बिउ बिजनको न्यूनतम गुणस्तर निर्धारण गर्ने,

(ङ) बिउ बिजन सम्बन्धी सेवा शूल्क निर्धारण गर्ने र सो निर्धारण गरेको विषय कार्यान्वयनको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(च) बालीको किसिम र जात सूचित वा पञ्जीकरणका लागि मन्त्रालयलाई सिफारिस गर्ने,

(छ) परम्परागत रुपमा प्रयोग भइरहेका र लोपोन्मुख जातका बिउ बिजनको पहिचान गरी तिनको संरक्षणका लागि प्रदेशस्तरमा आवश्यक प्राविधिक तथा नितिगत कार्य गर्ने गराउने।

(ज) बिउ विजन उत्पादन र विक्री वितरण सम्बन्धी कारोबार गर्ने व्यवसायी लाई दिईने तालिमको पाठ्यक्रमको निर्धारण गर्ने ।

(झ) बिउ विजन सम्वन्धी अन्य आवश्यक काम कारबाही गर्ने।

(२) उपदफा (१) को खण्ड (क) देखि खण्ड (झ) सम्मको विषयमा आवश्यक पर्ने अन्य कार्यविधिगत व्यवस्था तोकिए बमोजिम हुनेछ।

**६. उप-समिति वा कार्यदल गठन गर्न सक्नेः**

(१) बिउ विजन उत्पादन, प्रशोधन, भण्डारण विक्री वितरण तथा गुणस्तर नियमन लगायतका कार्यमा परामर्श लिन समितिले आवश्यकता अनुसार उप-समिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उप-समिति वा कार्यदलको काम कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था समितिले तोकेयमोजिम हुनेछ।

## परिच्छेद-३
## बिउ बिजन सम्बन्धी व्यवस्था

**७. प्रदेश बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रः**

(१) यो ऐन बमोजिम प्रदेशमा बिउ बिजनको गुणस्तर नियमन गर्न एक प्रदेश बिउ विजन गुणस्तर नियन्त्रण केन्द्र रहनेछ ।

(२) प्रदेश बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको स्थापना नभएसम्मका लागि प्रयोगशालाले नै केन्द्रको रुपमा कामकाज गर्नेछ।

**८. केन्द्रको काम, कर्तव्य र अधिकारः**

(१) केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बिउ बिजन गुणस्तर नियन्त्रण, प्रमाणीकरण तथा नियमन सम्बन्धी कार्य गर्ने,

(ख) बिउ बिजनको परीक्षण र तत् सम्बन्धी कार्य गर्ने गरी प्रयोगशाला सेवा सञ्चालन गर्ने,

(ग) प्रयोगशालाको नियमित रुपमा प्राविधिक परीक्षण (टेक्निकल अडिट) को व्यवस्था मिलाउने,

(घ) स्थानीय बिउ बिजन ब्यवस्थापन समितिले बिउ बिजन सम्बन्धमा परामर्श माग गरेमा आवश्यक परामर्श दिने,

(ङ) समितिले दिएको निर्देशन पालना गर्ने र तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) उपदफा (१) को खण्ड (क) देखि खण्ड (ग) सम्मको विषयमा आवश्यक पर्ने कार्यविधिगत व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९. बिउ बिजनको किसिम वा जात सूचित वा पञ्जीकृत गर्ने अधिकारः**

(१) मन्त्रालयले प्रदेश भित्र उपयुक्त हुने नेपालमा उन्मोचित किसिम वा जातका बिउ बिजन सुचित गर्न वा आयातित बाहेकको स्थानीय जातका बिउ बिजनको पञ्जीकृत गर्न तोकिए बमोजिमको मापदण्ड र प्रकृया पूरा गरी समितिको सिफारिसमा त्यस्तो बिउ बिजन प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सूचित गर्न वा पञ्जीकृत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचित बिउ विजन  वा पंजिकृत बिउ बिजन तोक्दा प्रदेशभित्रका विभिन्न क्षेत्रको लागि उपयुक्त हुने विउ विजनको किसिम वा जातसमेत तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सुचित वा पञ्जीकृत बिउ बिजन खेतीको लागि उपयुक्त नदेखिएमा समितिको सिफारिसमा मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सुचित वा पञ्जीकृत बिउ बिजनको सूचीबाट हटाउन सक्नेछ।

(४) मन्त्रालयले सार्वजनिक सूचना प्रकाशन गरी उपदफा (१), (२) र (३) वमोजिम सुचित वा पंजीकृत बिउहरुको बारेमा सार्वजनिक सञ्चार माध्यमबाट जानकारी गराउन सक्नेछ ।

**१०. बिउ बिजनको न्यूनतम गुणस्तरको मापदण्ड तोक्न सक्नेः**

मन्त्रालयले समितिको सिफारिसमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी दफा ९ बमोजिम सूचित वा पञ्जीकृत गरिएका बिउ बिजनको न्यूनतम गुणस्तरको मापदण्ड तोक्न सक्नेछ।

**११. सूचित वा पञ्जीकृत बिउ बिजनको बिक्री बितरणः**

(१) सूचित वा पञ्जीकृत बिउ बिजनको विकी वितरण गर्ने व्यक्ति वा संस्थाले आफूले विक्री वितरण गर्ने विउको भाँडोमा देहायको विवरण उल्लेख गर्नु पर्नेछः-

(क) बिउ बिजनको किसिम र जात,

(ख) दफा १० बमोजिम तोकिएको न्यूनतम गुणस्तरको सीमा,

(ग) रासायनिक पदार्थ प्रयोग गरी उपचार गरिएको भए सोको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास क्षेत्रको लागि मात्र उपयुक्त हुने भनी प्रजनकले निर्धारण गरेको किसिम र जातको सूचित वा पञ्जीकृत बिउ बिजन त्यसरी निर्धारण गरिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा बिक्री वितरण गर्न गराउन पाईने छैन।

**१२. अनुमतिपत्र लिनु पर्नेः**

(१) कुनै व्यक्ति वा संस्थाले बिउ बिजनको व्यावसायिक उत्पादन, बिक्री वितरण सम्बन्धी कारोबार गर्न चाहेमा तोकिए बमोजिमको दस्तुर सहित निवेदन दिई तोकिएको ढाँचामा केन्द्रबाट अनुमति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्रको अवधि दुई वर्षको हुनेछ ।

(३) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. अनुमतिपत्रको नवीकरण गर्नु पर्नेः**

(१) दफा १२ को उपदफा (१) बमोजिमको अनुमतिपत्रको तोकिएको अवधि समाप्त भएको मितिले तिन महिनाभित्र तोकिएको दस्तुर तिरी नवीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र नविकरण नगरेमा थप तिन महिनाभित्र नवीकरण गर्न आएमा दोब्बर दस्तुर लिई नविकरण गरिनेछ ।

(३) उपदफा (२) बमोजिम अवधिभित्र नवीकरण नगरेमा थप छ महिनाभित्र दोब्बर दस्तुर सहित प्रति महिना तोकिएको जरिवाना लिई नवीकरण गरिनेछ ।

(४) उपदफा (३) बमोजिमको अवधिमा समेत नवीकरण नगरेमा त्यस्तो अनुमतिपत्र स्वतः खारेज हुनेछ ।

(५) नविकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१४. अनुमतिपत्र खारेज गर्न सकिनेः**

(१) देहायको अवस्थामा केन्द्रले अनुमतिपत्र खारेज गर्न सक्नेछः

(क) दफा १५ को उपदफा (१) विपरीतको कार्य गरेमा,

(ख) दफा १३ को (४) बमोजिमको अवस्थामा,

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गर्नु पूर्व मनासिव माफिकको मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिम अनुमतिपत्र खारेज भएको मितिले एक बर्ष भित्र त्यस्ता व्यक्ति वा संस्थाले नयाँ अनुमतिपत्रका लागि आवेदन दिन पाउने छैन।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिम अनुमतिपत्र खारेज भएमा त्यस्तो व्यक्ति वा संस्थाले नयाँ अनुमतिपत्रका लागि आवेदन दिन अयोग्य हुने छैन।

(५) अनुमतिपत्र खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. बिक्री बितरण गर्न नपाईनेः**

(१) यस ऐन तथा प्रचलित कानून बमोजिम सूचित वा पञ्जिकृत नभएका बिउ बिजन बिक्री वितरण गर्न पाईने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचित वा पञ्जीकरण नभएका बिउ बिजन कृषि अनुसन्धान प्रयोजनको लागि प्रयोग गर्न बाधा पर्ने छैन।

**१६.मूल वा स्रोत बिउ उत्पादनको अनुमतिपत्र लिनु पर्नेः**

(१) मूल वा स्रोत बिउ उत्पादन गर्न चाहने कुनै व्यक्ति वा संस्थाले केन्द्रबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्रको लागि तोकिए बमोजिमको दस्तुर सहित केन्द्र समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा केन्द्रले आवश्यक जाचँबुझ गरी अनुमतिपत्र प्रदान गर्नेछ।

तर, जाँचबुझ गर्दा अनुमतिपत्र दिन नसकिने भए सोको आधार र कारण खुलाई दश दिनभित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ । ,

(४) उपदफा (३) बमोजिमको अनुमतिपत्रको अवधि तीन वर्षको हुनेछ ।

(५) मूल वा श्रोत बिउ उत्पादन गर्न अनुमतिपत्र र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१७. वर्णशङ्कर बिउ उत्पादनको अनुमतिपत्र लिनु पर्नेः**

(१) वर्णशङ्कर बिउ उत्पादन गर्न चाहने कुनै व्यक्ति वा संस्थाले केन्द्रबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्रको लागि तोकिए बमोजिमको दस्तुर सहित केन्द्र समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा केन्द्रले आवश्यक जाचँबुझ गरी अनुमतिपत्र प्रदान गर्नेछ। ।

तर जाँचबुझ गर्दा अनुमतिपत्र दिन नसकिने भए सोको आधार र कारण खुलाई दश दिन भित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अनुमतिपत्रको अवधि तीन वर्षको हुनेछ ।

(५) वर्णशंकर बिउ उत्पादनका लागि अनुमतिपत्र र नविकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१८.जातीय विकास तथा सम्वर्द्धन गर्न अनुमतिपत्र लिनुपर्नेः**

(१) कुनै बिउको जातीय विकास तथा सम्वर्द्धन गर्न चाहने कुनै व्यक्ति वा संस्थाले केन्द्रबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्रको लागि तोकिए बमोजिमको दस्तुर सहित केन्द्र समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा केन्द्रले आवश्यक जाचँबुझ गरी अनुमतिपत्र प्रदान गर्नेछ ।

तर, जाँचबुझ गर्दा अनुमतिपत्र दिन नसकिने भए सोको आधार र कारण खुलाई दश दिनभित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अनुमतिपत्रको अवधि तीन वर्षको हुनेछ ।

(५) बिउको जातीय विकास तथा सम्वर्द्धन गर्नका लागि अनुमतिपत्र र नविकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१९. बिउ बिजन निरीक्षक तथा बिउ बिजन विश्लेषकको परीक्षा सम्बन्धी व्यवस्थाः**

(१) बिउ बिजन निरीक्षक तथा बिउ बिजन विश्लेषकको परीक्षा समितिले लिनेछ ।

(२) परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०. बिउ बिजन निरीक्षक तथा बिउ बिजन विश्लेषक सम्बन्धी व्यवस्थाः**

(१) मन्त्रालयले देहायको योग्यता पुगेका नेपाली नागरिकलाई बिउ बिजन निरीक्षक तथा बिउ विजन विश्लेषक नियुक्त गर्न वा तोक्न सक्नेछः-

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कृषिमा स्नातक तह उतीर्ण गरेको वा कृषि विषयमा प्रमाणपत्र तह उतीर्ण गरी बिउ बिजन उत्पादनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको,

(ख) समितिबाट लिईने परीक्षा उत्तीर्ण भएको,

(ग) खण्ड (क) बमोजिम योग्यता पुगेको निजामती कर्मचारी भए निज सेवारत कार्यालयको स्वीकृति प्राप्त भएको,

(२) उपदफा (१) बमोजिम बिउ बिजन निरीक्षक तथा बिउ बिजन विश्लेषक नियुक्त नभएसम्मको लागि मन्त्रालयले सो सम्वन्धमा योग्यता पुगेका आफू मातहतका वा स्थानीय तहका कृषि अधिकृतस्तरका कर्मचारीलाई बिउ बिजन निरीक्षक वा बिउ बिजन विश्लेषकको रुपमा काम गर्न तोक्न सक्नेछ ।

(३) मन्त्रालयले उपदफा (१) र (२) बमोजिम तोकिएका बिउ बिजन निरीक्षक र बिउ बिजन विश्लेषकको नाम सूचना प्रकाशन गरी वा वेबसाईट मार्फत सार्वजनिक गर्नेछ ।

(४) यस ऐन बमोजिम अनुमतिपत्र नलिई बाली निरीक्षण गर्न, बिउ बिजनको नमुना संकलन गर्न तथा बिउ विश्लेषण गर्न पाईने छैन।

(५) उपदफा (१) को खण्ड(ख) बमोजिमको परीक्षा सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२१. बिउ बिजन निरीक्षक तथा बिउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकारः**

बिउ बिजन निरीक्षक तथा बिउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बिउ बिजनको नमुना संकलन, गुणस्तर परिक्षण तथा नियन्त्रण सम्बन्धी कार्य गर्ने,

(ख) बिउ बालिको खेत तथा विउ उत्पादन, प्रशोधन, भण्डारण र विक्री वितरण प्रक्रियाको निरीक्षण गर्ने,

(ग) बिउ बिजन बजार अनुगमन गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम कार्यको प्रतिवेदन तयार गरी केन्द्रमा पेशगर्ने ।

(ङ) यस ऐनको बर्खिलाप हुने गरी बिउ बिजनको परिक्षण, उत्पादन, प्रसोधन, ओसारपसार, भण्डारण तथा बिक्री वितरण गरेमा त्यस्ता बिउ बिजनहरु बिउ बिजन निरीक्षकले जफत गर्न सक्नेछ।

(च) तोकिए बमोजिम अन्य कार्य गर्ने।

## २२. सेवा शुल्क लिन सक्नेः

(१) प्रदेश सरकारले यस ऐन बमोजिम उपलब्ध गराउने कुनै सेवा बापत प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सेवा शूल्क लिनेछ र त्यस्तो सेवा शूल्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) कुनै व्यक्ति वा संस्थाले यस ऐन बमोजिम कुनै सेवा प्रदान गर्दा समितिबाट स्वीकृत गरे बमोजिमको सेवा शुल्क लिन सक्नेछ ।

## २३. कृषकको अधिकार रहनेः

(१) प्रदेशमा परम्परादेखि नै प्रयोग र अवलम्ब गरिँदै आएको स्थानीय बाली, जात वा प्रजातीको बिउ बिजनमा कृषकको स्वामित्व, जात छनौट, संरक्षण र वितरणको अधिकार रहनेछ ।

(२) प्रदेशमा कुनै कृषक, कृषक समूह वा सहकारी संस्था वा अन्य संघ संस्थाले परम्परादेखि सामूहिक रुपमा प्रयोग र अवलम्बन गर्दै आएको स्थानीय बाली वा जात वा प्रजातीको बिउ त्यस्तो कृषक समूह/सहकारी वा संघसंस्थाको नाममा सामूहिक स्वामित्व हुने गरी प्रचलित कानून बमोजिम वा यस ऐन बमोजिम दर्ता गर्न सक्नेछन् ।

## २४. क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः

(१) कसैले बिक्री वितरण गरेको बिउ बिजनको गुणस्तर वा गलत सूचनाको कारणले कृषकलाई आर्थिक हानी नोक्सानी पुग्न गएमा कृषकलाई वास्तविक हानी नोक्सानीको मूल्याङ्कन गरी क्षतिपूर्ति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हानि नोक्सानीको मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः

(क) केन्द्र प्रमुखले तोकेको अधिकृत - संयोजक

(ख) कृषि ज्ञान केन्द्रको प्रमुख -सदस्य

(ग) मूल्याङ्कन समितिले तोकेको कृषि विज्ञ -सदस्य

(घ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(३) उपदफा (२) वमोजिमको समितिमा नेपाल कृषि अनुसन्धान परिषद्को वैज्ञानिक नियमित आमन्त्रित सदस्यको रुपमा रहनेछ।

(४) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको लागि कृषकले वास्तविक हानी नोक्सानीको विवरण खुलाई केन्द्र समक्ष निवेदन दिनु पर्नेछ र यस प्रकारको निवेदन प्राप्त भएको मितिले एकाइस दिनभित्र केन्द्र प्रमुखले निर्णय गर्नु पर्नेछ ।

(५) क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२५. मुद्दा हेर्ने अधिकारीः**

(१) कसैले यो ऐन विपरीत कार्य गरेमा कसुर गरेको मानिनेछ ।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा निरीक्षकले जाँचबुझ गरी केन्द्र प्रमुख समक्ष प्रतिवेदन पेस गर्नेछ र त्यसरी प्रतिवेदन प्राप्त भएपछि प्रचलित कानून र कानूनका मान्य सिद्धान्त बमोजिमको कार्यविधि अपनाई केन्द्र प्रमुखले एक्काइस दिनभित्र कसुर गरेको भए त्यस्तो कसुर गरे बापत दण्ड वा सजाय सम्बन्धी निर्णय गर्नु पर्नेछ।

## परिच्छेद-४

## दण्ड सजाय

**२६. दण्ड सजायः**

(१) कसैले दफा ११ को उपदफा (१) र दफा १२ को उपदफा (१) विपरीत कार्य गरे वा गराएमा पचास हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरीवाना हुनेछ ।

(२) कसैले दफा २० को उपदफा (४) विपरीत कुनै कार्य गरेमा पच्चिस हजार रुपैयाँ जरिवाना हुनेछ ।

(३) कसैले उपदफा (१) र (२) मा उल्लेख भए देखि बाहेक यस ऐन वा ऐन अन्तर्गत बनेको नियम विपरीतको कार्य गरे वा गराएमा पन्ध्र हजार रुपैयाँ देखि पच्चिस हजार रुपैयाँसम्म जरीवाना हुनेछ ।

(४) यस ऐन बमोजिम जरिवाना केन्द्र प्रमुखले गर्नेछ ।

**२७. पुनरावेदनः**

(१) ऐनको दफा १४ बमोजिम अनुमतिपत्र खारेजी, दफा २४ को उपदफा (१) बमोजिमको क्षतिपूर्ति र दफा २६ बमोजिमको दण्ड सजाय उपर चित्त नबुझ्ने पक्षले एक्काइस दिनभित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ र त्यस्तो पुनरावेदन उपर मन्त्रालयले पैतिस दिनभित्र निर्णय गरिसक्नुपर्नेछ।

(२) पुनराबेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-५

विविध

**२८. नियम बनाउने अधिकारः**

यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

**२९. निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेः**

यस ऐन तथा ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

**३०. बचाउः**

यस ऐन प्रारम्भ हुनुभन्दा अघि बिउ विजन सम्बन्धी भए गरेका कामकारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ।

प्रमाणीकरण मितिः- २०८१/११/२९

आज्ञाले,

राम प्रसाद आचार्य

प्रदेश सचिव

प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित ।
website:- moial.koshi.gov.np



कुशवाह खाद्य विज भण्डार देवानगंज, सुनसरीमा धानको बीउको नमुना संकलन



मेची कृषक बहुमुखी सहकारी सं.लि ईटाभट्टा झापाद्धारा उत्पादित धानको बीउको संयुक्त अनुगमन



महारानीझोडा साना किसान कृषि सहकारी संस्थाको बीउ भण्डारण गोदाम निरिक्षण



नमुना एकिकृत सहकारी खेती बीउ उत्पादन समुहको सिड अडिट गर्दै।



कृषि अनुसन्धान निर्र्देशनालय तरहरामा धानको बीउ प्रमाणिकरण



बीउ विजन प्रयोगशाला,झुम्कामा बीउको परिक्षण